# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, भाद्र ३ गते, २०८३ साल (अतिरिक्ताङ्क ३६


## भाग ३

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

### संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ३१

### सार्वजनिक खरिद (सोह्रौं संशोधन) नियमावली, २०८३

सार्वजनिक खरिद नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "सार्वजनिक खरिद (सोह्रौं संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३क. मा संशोधन** : सार्वजनिक खरिद नियमावली, २०६४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३क. को उपनियम (३) झिकिएको छ।

३. **मूल नियमावलीको नियम ५क. मा संशोधन** : मूल नियमावलीको नियम ५क. को,-

(१) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छ :-

"(३क) उपनियम (३) को प्रयोजनका लागि प्रचलित मापदण्ड, स्वीकृत मानक डिजाइन वा स्थापित सामान्य डिजाइन विधिबमोजिम डिजाइन गर्न सकिने पुल, सडक, भवन वा अन्य पूर्वाधार संरचनालाई त्यसको नाम वा प्रकारका आधारमा मात्र जटिल र विशेष प्रकृतिको संरचना मानिने छैन।"

(२) उपनियम (४) को खण्ड (घ) मा रहेको "सञ्चालन" भन्ने शब्दपछि ", मालसामान आपूर्ति वा सेवा प्रदान" भन्ने शब्दहरू थपिएका छन्।

४. **मूल नियमावलीको नियम ७ मा संशोधन** : मूल नियमावलीको नियम ७ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) यस नियमबमोजिम तयार भएको खरिदको गुरुयोजना ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

का सार्वजनिक निकायका हकमा देहायका अधिकारीबाट र अन्य सार्वजनिक निकायका हकमा सम्बन्धित सार्वजनिक निकायको खरिद नियम वा विनियममा व्यवस्था भएको अधिकारीबाट स्वीकृत भएको हुनु पर्नेछ :-

(क) पच्चिस करोड रुपैयाँसम्मको भए राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ख) पच्चिस करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्मको भए राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखबाट,

(ग) पचास करोड रुपैयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्मको भए सम्बन्धित विभागीय प्रमुखबाट, र

(घ) एक अर्ब रुपैयाँभन्दा बढीको भए सम्बन्धित मन्त्रालयको सचिवबाट।"

५. **मूल नियमावलीको नियम १० मा संशोधन** : मूल नियमावलीको नियम १० को उपनियम (२) झिकिएको छ।

६. **मूल नियमावलीको नियम १२ मा संशोधन** : मूल नियमावलीको नियम १२ को उपनियम (२) को खण्ड (क) झिकिएको छ।

७. **मूल नियमावलीमा नियम १२क. थप** : मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२क. थपिएको छ :-

"**१२क. सार्वजनिक निकायको कर्मचारीबाट डिजाइन गराउन वा सुपरिवेक्षण टोलीमा संलग्न गराउन सक्ने** : (१) सार्वजनिक निकायमा दक्ष प्राविधिक कर्मचारी उपलब्ध भएमा त्यस्ता कर्मचारीबाट आयोजनाको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

डिजाइन तयार गराउन वा परामर्शदातामार्फत गराइने सुपरिवेक्षण कार्यको टोलीमा त्यस्ता कर्मचारीलाई संलग्न गराउन सकिनेछ।

(२) उपनियम (१) बमोजिम डिजाइन तयार गर्ने कार्यमा वा सुपरिवेक्षण टोलीमा संलग्न कर्मचारीलाई ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकायको हकमा नेपाल सरकार, मन्त्रिपरिषद्ले र अन्य सार्वजनिक निकायको हकमा त्यस्तो निकायको सर्वोच्च कार्यकारी निकायले स्वीकृत गरेको कार्यविधि बमोजिम अतिरिक्त प्रोत्साहन सुविधा दिन सकिनेछ।"

८. **<u>मूल नियमावलीको नियम १३ मा संशोधन</u>** : मूल नियमावलीको नियम १३ को उपनियम (६) मा रहेका "र सार्वजनिक खरिद अनुगमन कार्यालयले सो सम्बन्धी नर्म्स जारी गरेको भए सो नर्म्स" भन्ने शब्दहरू झिकिएका छन्।

९. **<u>मूल नियमावलीको नियम १४ मा संशोधन</u>** : मूल नियमावलीको नियम १४ को उपनियम (१) को,–

(१) खण्ड (क) मा रहेका "पाँच करोड" भन्ने शब्दहरूको सट्टा "पन्ध्र करोड" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ख) मा रहेका "दश करोड" भन्ने शब्दहरूको सट्टा "पचास करोड" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (ग) मा रहेका "बीस करोड" भन्ने शब्दहरूको सट्टा "एक अर्ब" भन्ने शब्दहरू राखिएका छन्।

(४) खण्ड (घ) मा रहेका "बीस करोड" भन्ने शब्दहरूको सट्टा "एक अर्ब" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. **मूल नियमावलीको नियम १७ मा संशोधन** : मूल नियमावलीको नियम १७ को सट्टा देहायको नियम १७ राखिएको छ :-

"**१७. स्वदेशी मालसामान खरिद गर्नुपर्ने** : (१) सार्वजनिक निकायले यस नियमावलीमा उल्लिखित कुनै विधि छनोट गरी खरिद गर्दा विदेशी मालसामान भन्दा स्वदेशी मालसमान पन्ध्र प्रतिशतसम्म महँगो भए तापनि स्वदेशी मालसामान नै खरिद गर्नु पर्नेछ।

(२) उपनियम (१) को प्रयोजनको लागि ऐनको दफा २५ बमोजिम यकिन भएको बोलपत्रको औसत अङ्कको सबैभन्दा नजिकको बोलपत्रदाताले प्रस्ताव गरेको मालसामान विदेशी भएमा त्यसपछि नजिकको स्वदेशी मालसामान प्रस्ताव गर्ने बोलपत्रदाताको कबुल अङ्क सो विदेशी सामान प्रस्ताव गर्ने बोलपत्रदाताको भन्दा पन्ध्र प्रतिशतसम्म महँगो भएमा त्यस्तो स्वदेशी बोलपत्र नै छनोट गर्नु पर्नेछ।"

११. **मूल नियमावलीको नियम २६ मा संशोधन** : मूल नियमावलीको नियम २६ को,-

(१) उपनियम (२क) झिकिएको छ।

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ :-

"(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले औचित्य पुष्ट्याइँ गरी योग्यता निर्धारण गर्न आवश्यक ठानेको दुई करोड रूपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्यका लागि योग्यता निर्धारण गरी ऐनको दफा ११ को उपदफा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) बमोजिम एक खाम प्रणाली अवलम्बन गरी खरिद गर्नु पर्नेछ।"

१२. **मूल नियमावलीमा नियम २६क. थप** : मूल नियमावलीको नियम २६ पछि देहायको नियम २६क. थपिएको छ :-

"२६क. **प्राविधिक र आर्थिक प्रस्तावको अङ्कभार निर्धारण गर्ने आधार** : (१) ऐनको दफा १० को उपदफा (२ख) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले जटिल भनी निर्धारण गरेका निर्माण कार्य र स्वीकृत लागत अनुमान एक अर्ब पचास करोड रुपैयाँभन्दा बढी भएका ठूला निर्माण कार्यको हकमा प्राविधिक र आर्थिक प्रस्तावको लागि अङ्कभार बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अङ्कभार उल्लेख गर्दा खरिद कार्यको प्रकृति र जटिलताअनुसार प्राविधिक र आर्थिक प्रस्तावको कुल अङ्कभारलाई एक सय अङ्क हुनेगरी र त्यस्तो कुल अङ्कभारमध्ये प्राविधिक प्रस्तावको अङ्कभार र आर्थिक प्रस्तावको अङ्कभार क्रमशः पचास-पचास हुने गरी निर्धारण गर्नु पर्नेछ।

(३) सार्वजनिक निकायले प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्न उपनियम (२) बमोजिम प्राविधिक प्रस्तावको लागि तोकिएको अङ्कभारलाई एक सय अङ्क मानी देहायबमोजिम समूह र उपसमूहको अङ्कभार उल्लेख गर्नु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र.सं | समूह | उपसमूह | अङ्कभार |
|---|---|---|---|
| १ | कार्यसम्पादनको दृष्टिकोण तथा कार्यविधि | - प्रस्तावित कार्यको गुणस्तर सुनिश्चितता योजना, कार्यक्षेत्र, डिजाइनको उपयुक्तता तथा दक्षता,<br>- निर्माण कार्यविधि, प्रविधि तथा नवप्रवर्तन,<br>- कार्यतालिका तथा परियोजना योजना,<br>- लैङ्गिक, सामाजिक र वातावरणीय प्रभाव, न्यूनीकरण योजना,<br>- जोखिम व्यवस्थापन योजना। | ५ |
| २ | विगतको कार्यसम्पादन | विगत पाँच वर्षमा बोलपत्रसम्बन्धी कागजातमा तोकिएको समान प्रकृति र जटिलताको निर्माण कार्य सफलतापूर्वक सम्पन्न गरेको प्रत्येक खरिद सम्झौताबापत दुई अङ्कका दरले लगातार पछिल्ला पाँचवटासम्म खरिद सम्झौताका लागि दश अङ्क | ७५ |
| | | विगत पाँच वर्षमा सुरु खरिद सम्झौतामा निर्धारित कार्य | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | सम्पन्न गर्नुपर्ने मितिभित्र वा सो मितिअगावै सफलतापूर्वक सम्पन्न गरेको प्रत्येक खरिद सम्झौताबापत सात अङ्कका दरले लगातार पछिल्ला पाँचवटासम्म खरिद सम्झौताका लागि पैंतिस अङ्क | |
| | | विगत पाँच वर्षमा सुरु खरिद सम्झौतामा निर्धारित कार्य सम्पन्न गर्नुपर्ने मितिभन्दा कम्तीमा दुई सय दिन अगावै सफलतापूर्वक सम्पन्न गरेको कुनै एउटा खरिद सम्झौताको लागि दश अङ्क | |
| | | विगत पाँच वर्षमा सार्वजनिक खरिद अनुगमन कार्यालय वा बैङ्क वा वित्तीय संस्थाको कालो सूचीमा नरहेको अवस्थामा पाँच अङ्क | |
| | | विगत पाँच वर्षमा पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अवस्था नभएकोमा दश अङ्क, कुनै एउटा खरिद सम्झौतामा पूर्वनिर्धारित | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | क्षतिपूर्ति तिर्नुपर्ने अवस्था भएकोमा पाँच अङ्क र एकभन्दा बढी खरिद सम्झौतामा पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अवस्था भएकोमा शून्य अङ्क | |
| | | सार्वजनिक खरिद सम्बन्धमा विगत पाँच वर्षमा बोलपत्रदाताको विरुद्धमा कुनै अदालत वा मध्यस्थबाट निर्णय नभएकोमा ५ (पाँच) अङ्क | |
| ३ | प्रस्तावित प्रमुख जनशक्ति | - प्रस्तावित प्रमुख जनशक्तिको योग्यता,<br>- समान प्रकृतिका परियोजनाको कार्य अनुभव,<br>- प्रमुख पदमा कार्य गरेको अनुभव। | १० |
| ४ | उपकरणको उपलब्धता | - उपकरणको सङ्ख्या, क्षमता, स्वामित्व, परिचालन अवस्था,<br>- उपकरण परिचालन योजना। | १० |
| | | जम्मा | १०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. **मूल नियमावलीको नियम ३१च. मा संशोधन** : मूल नियमावलीको नियम ३१च. को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिम प्राथमिकता दिने प्रयोजनको लागि ऐनको दफा २५ बमोजिम यकिन भएको बोलपत्रको औसत अङ्कको सबैभन्दा नजिकको बोलपत्रदाता विदेशी भएमा त्यसपछि नजिकको स्वदेशी बोलपत्रदाताको कबुल अङ्क सो विदेशी बोलपत्रदाताको भन्दा पाँच प्रतिशतसम्म महँगो भएमा त्यस्तो स्वदेशी बोलपत्र नै छनोट गर्नु पर्नेछ। "

१४. **मूल नियमावलीको नियम ३१छ. मा संशोधन** : मूल नियमावलीको नियम ३१छ. को,-

(१) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ :-

"(४) उपनियम (१) बमोजिमको आर्थिक प्रस्ताव बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोली बोलपत्रदाताको नाम र निजले आर्थिक प्रस्तावमा कबुल गरेको अङ्क पढेर सुनाई देहायका विषयहरू खुलाई मुचुल्का तयार गर्नु पर्नेछ :–

(क) बोलपत्रदाताको नाम र ठेगाना,

(ख) कबुल अङ्क,

(ग) प्रस्तावित कबुल अङ्कमा कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको व्यहोरा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अङ्क र अक्षरका बिच भिन्नता भए सो भिन्नताको विवरण,

(ङ) आर्थिक प्रस्तावमा बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए, नभएको,

(च) आर्थिक प्रस्तावमा कुनै कुरा वा व्यहोरा केरमेट गरेको भए सो ठाउँमा बोलपत्रदाता वा निजको प्रतिनिधिले हस्ताक्षर गरे, नगरेको तथा केरमेट गरेको रकम र व्यहोरा, र

(छ) सार्वजनिक निकायले उपयुक्त ठानेको अन्य आवश्यक विषयहरू।

तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र आर्थिक प्रस्ताव खोल्न बाधा पर्नेछैन।"

(२) उपनियम (४) पछि देहायको उपनियम (४क) थपिएको छ :-

"(४क) उपनियम (४) बमोजिम आर्थिक प्रस्ताव खोलेपछि मूल्याङ्कन समितिले ऐनको दफा २५ र नियम ६१, ६४ र ६५ बमोजिम मूल्याङ्कन गरी बोलपत्रदाताहरूले कबुल गरेको बोल अङ्कको औसत अङ्क यकिन गरी सो औसत अङ्कसँग सबैभन्दा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नजिक भएको र लागत अनुमानभन्दा सारभूतरूपमा बढी नभएको बोलपत्र स्वीकृतिको लागि छनोट गर्नु पर्नेछ।"

१५. **मूल नियमावलीको नियमको ३१ज. मा संशोधन** : मूल नियमावलीको नियम ३१ज. को सट्टा देहायको नियम ३१ज. राखिएको छ :-

"**३१ज. दुई खाम विधिबाट गरिने खरिदको कार्यविधि** : (१) ऐनको दफा ११ को उपदफा (५) बमोजिम बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको मालसामान वा अन्य सेवा वा दुई करोड रुपैयाँभन्दा बढीको निर्माण कार्य गर्नु पर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बोलपत्र सम्बन्धी कागजात तयार गर्दा प्राविधिक प्रस्तावको लागि नियम २५,२६ र २८ बमोजिमको प्राविधिक र आर्थिक तथा वित्तीय क्षमता प्रमाणित गर्ने योग्यताको आधार उल्लेख गर्नु पर्नेछ।

(३) उपनियम (१) को प्रयोजनका लागि प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रस्ताव हो स्पष्ट रूपले उल्लेख गरी दुवै खामलाई अर्को छुट्टै खाममा राखी सिलबन्दी गरी सो बाहिरी खाममा बोलपत्र पेस गर्नुपर्ने व्यहोरा, बोलपत्र आह्वानको सूचनाको विवरण र बोलपत्रसाथ संलग्न कागजातको विवरणसमेत खुलाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) बोलपत्र दाखिला गर्ने अन्तिम म्याद समाप्त भएपछि बोलपत्रदाताबाट प्राप्त बोलपत्रको बाहिरी खाम खोली प्राविधिक र आर्थिक प्रस्तावका सिलबन्दी खाम छुट्याउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम छुट्याइएका खामहरू मध्ये पहिले नियम ५९ को उपनियम (१), (२), (३) र (४) बमोजिमको प्रक्रिया पूरा गरी प्राविधिक प्रस्ताव खोल्नु पर्नेछ र आर्थिक प्रस्ताव नखोली सुरक्षितसाथ छुट्टै राख्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम खोलिएको प्राविधिक प्रस्तावको नियम ६०, ६२ र ६३ बमोजिम परीक्षण गरी सारभूत रूपमा प्रभावग्राही बोलपत्र निर्धारण गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम निर्धारण भएका सारभूत रूपमा प्रभावग्राही बोलपत्रका बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिन र अन्तर्राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा पन्ध्र दिनको अवधि दिई सूचना दिनु पर्नेछ।

तर रासायनिक मल खरिदको हकमा आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन राष्ट्रियस्तर वा अन्तर्राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिनको अवधि दिई सूचना दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) उपनियम (६) बमोजिम प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा योग्यताको आधारमा असफल हुने सबै बोलपत्रदाताको आर्थिक प्रस्ताव सम्बन्धित बोलपत्रदातालाई फिर्ता गर्नु पर्नेछ।

तर विद्युतीय खरिद प्रणालीद्वारा बोलपत्र पेस गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव फिर्ता गर्नु पर्नेछैन।

(९) उपनियम (६) बमोजिमको सारभूत रूपमा प्रभावग्राही बोलपत्र पेश गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोल्नु पर्नेछ।

तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र आर्थिक प्रस्ताव खोल्न बाधा पर्नेछैन।

(१०) उपनियम (९) बमोजिम आर्थिक प्रस्तावको खाम खोलेपछि बोलपत्रदाताको नाम र निजले आर्थिक प्रस्तावमा कबुल गरेको अङ्क पढेर सुनाई देहाय बमोजिमको विवरण खुलाई मुचुल्का तयार गर्नु पर्नेछ :-

(क) बोलपत्रदाताको नाम र ठेगाना,

(ख) कबुल अङ्क,

(ग) प्रस्तावित कबुल अङ्कमा कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको व्यहोरा,

(घ) अङ्क र अक्षरका बिच भिन्नता भए सो भिन्नताको विवरण,



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) आर्थिक प्रस्तावमा बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए नभएको,

(च) आर्थिक प्रस्तावमा कुनै कुरा वा व्यहोरा केरमेट गरेको भए सो ठाउँमा बोलपत्रदाता वा निजको प्रतिनिधिले हस्ताक्षर गरे नगरेको तथा केरमेट गरेको रकम र व्यहोरा, र

(छ) सार्वजनिक निकायले उपयुक्त ठानेको अन्य आवश्यक कुराहरू।

(११) उपनियम (९) बमोजिम आर्थिक प्रस्ताव खोलेपछि प्रत्येक बोलपत्रदाताको आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्तावमा कुनै अङ्क गणितीय त्रुटि पाइएमा सार्वजनिक निकायले त्यस्तो त्रुटि सच्याउन सक्नेछ र त्यसरी त्रुटि सच्याउँदा एकाई दर र कुल रकममा भिन्नता भएमा एकाइ दर मान्य हुनेछ र सोही दरबमोजिम सच्याई कुल रकम कायम गर्नु पर्नेछ। त्यसरी त्रुटि सच्याइएको भएमा सोको जानकारी सम्बन्धित प्रस्तावदातालाई तीन दिनभित्र दिनु पर्नेछ।

(१२) बोलपत्रदाताले आर्थिक प्रस्तावमा उल्लेख गरेको रकम, अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१३) प्रस्तावित कबुल अङ्कमा बोलपत्रदाताले कुनै छुट दिन प्रस्ताव गरिएको कुरा आर्थिक प्रस्ताव खोलेको मुचुल्कामा उल्लेख भएको भए मूल्याङ्कन समितिले त्यसरी छुट दिन प्रस्ताव गरिएको रकम समायोजन गर्नु पर्नेछ।

(१४) मूल्याङ्कन समितिले उपनियम (११), (१२), (१३) सहित ऐनको दफा २५ र नियम ६१, ६४ र ६५ बमोजिम मूल्याङ्कन गरी औसत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमान भन्दा सारभूतरूपमा बढी नभएको बोलपत्र स्वीकृतिको लागि छनोट गर्नु पर्नेछ।"

१६. **<u>मूल नियममावलीमा नियम ३१झ. र ३१ञ. थप</u>** : मूल नियमावलीको नियम ३१ज. पछि देहायका नियम ३१झ. र ३१ञ. थपिएका छन् :-

"**३१झ. <u>औसत अङ्क यकिन गर्ने कार्यविधि</u>** : (१) ऐनको दफा २५ को उपदफा (५क) वा (७क) बमोजिम मूल्याङ्कन गरी औसत अङ्क यकिन गर्दा स्वीकृत लागत अनुमानभन्दा सारभूत रूपमा बढी कबुल अङ्क प्रस्ताव गर्ने बोलपत्रदातालाई मूल्याङ्कन प्रक्रियाबाट हटाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मूल्याङ्कन गर्दा प्राविधिक रूपमा सफल भएका सबै बोलपत्रदाताको कबुल अङ्क स्वीकृत लागत अनुमानभन्दा सारभूत रूपमा बढी भएको कारणले सबै बोलपत्रदाता मूल्याङ्कन प्रक्रियाबाट हट्ने अवस्था भएमा खरिद



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारबाही रद्द गर्नुअघि सबैभन्दा कम कबुल अङ्क प्रस्ताव गर्ने बोलपत्रदातासँग ऐनको दफा २६ को उपदफा (१ग) र (१घ) को अधीनमा रही कबुल अङ्क स्वीकृत लागत अनुमानभित्र कायम गर्नेगरी वार्ता गरी खरिद कारबाही अघि बढाउन सकिनेछ।

(३) उपनियम (२) बमोजिमको बोलपत्रदातासँग ऐनको दफा २६ को उपदफा (१ग) बमोजिम एकमुष्ट छुट प्रतिशतमा सहमति हुन नसकेमा खरिद कारबाही रद्द गरिनेछ।

**३१ञ. <u>(रिभर्स अक्सन) विधिबाट गरिने खरिदको कार्यविधि</u> :** (१) कबुल अङ्क घटाघट (रिभर्स अक्सन) विधिबाट खरिद गर्नु परेमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको प्रणालीमार्फत खरिद गर्नु पर्नेछ।

(२) पचास लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा खरिद गर्दा कबुल अङ्क घटाघट (रिभर्स अक्सन) विधि प्रयोग गर्न सकिनेछ।

(३) उपनियम (१) बमोजिमको प्रणालीमा सार्वजनिक निकायले बोल अङ्क घटाघट विधिबाट खरिद गर्न सूचना आह्वान गर्नुभन्दा अगावै वा आह्वान गरेपश्चात् बोलपत्रदाताले ग्राह्यता पुष्टि हुने कागजात तथा विवरण पेस गरी तीन हजार रुपैंया दस्तुर तिरी दर्ता हुनु पर्नेछ।

(४) यस नियम बमोजिमको खरिद गर्न सार्वजनिक निकायले उपनियम (१) बमोजिमको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रणालीमा खरिद कार्यको लागत अनुमान खुलाई कम्तीमा सात दिनको अवधि दिई उपनियम (३) बमोजिम दर्ता भएका बोलपत्रदाताबाट प्रस्ताव माग गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्रस्ताव माग गर्दा देहायका विषयहरू खुलाउनु पर्नेछ :-

(क) बोलपत्र जमानत,

(ख) कबुल अङ्क घटाघट गर्ने समयावधि (पेस गर्ने समयको अन्तिम आधादेखि एक घण्टा),

(ग) प्रस्ताव पेस गर्ने र खोल्ने समयावधि,

(घ) सम्झौताका सर्तहरू,

(ङ) प्राविधिक स्पेशिफिकेसन तथा वस्तु वा सेवाको विवरण, परिमाण, ढुवानी गर्ने स्थल र लागत अनुमान,

(च) बोलपत्रदातालाई दिइने निर्देशन, र

(छ) ऐन, यस नियमावली र स्ट्यान्डर्ड बिड डकुमेन्टको विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कुरा।

(६) बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित कबुल अङ्क घटाघट हुने समय अवधि अघि उपनियम (४) बमोजिम प्रस्ताव पेस गर्ने बोलपत्रदाताहरूले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रस्ताव पेस गर्ने समयको अन्तिम आधादेखि एक घण्टाको अवधिमा आफूले कबुल गरेको अङ्क घटाघट गर्न सक्नेछ।

(७) उपनियम (६) बमोजिम कबुल अङ्क घटाघटको प्रक्रिया सुरु भएपछि थप प्रस्तावहरू पेस गर्न सकिनेछैन।

(८) सार्वजनिक निकायले यस विधिबाट खरिद गर्दा जारी गरेको बोलपत्र सम्बन्धी कागजात संशोधन गर्न सक्नेछैन।

(९) बोलपत्रदाताले एक पटक पेस गरिसकेको प्रस्ताव फिर्ता हुनेछैन।

(१०) उपनियम (६) बमोजिमको अवधिमा सबैभन्दा कम कबुल अङ्क प्रस्ताव गर्ने बोलपत्रदातालाई मात्र स्वीकृतिको लागि छनोट गर्नु पर्नेछ।

(११) उपनियम (१०) बमोजिम छनोट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजलाई सात दिनभित्र खरिद सम्झौता गर्न कार्यसम्पादन जमानत दाखिला गर्न सूचना दिनु पर्नेछ।

(१२) उपनियम (११) को अवधिभित्र कार्यसम्पादन जमानत दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा तीन दिनभित्र सोभन्दा लगत्तै पछिको अर्को कम कबोल अङ्क प्रस्ताव गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजलाई यस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियम बमोजिम खरिद सम्झौता गर्न सात दिनको सूचना दिनु पर्नेछ।

(१३) उपनियम (१२) बमोजिमको बोलपत्रदाता पनि कार्यसम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्न नआएमा तीन दिनभित्र क्रमशः त्यस पछिको न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजलाई यस नियमबमोजिम खरिद सम्झौता गर्न सात दिनको सूचना दिनु पर्नेछ।

(१४) उपनियम (११), (१२) वा (१३) बमोजिम बोलपत्रदाताले सम्झौता गर्न नआएमा सार्वजनिक निकायले उक्त बोलपत्रदाताको बोलपत्र जमानत जफत गरी निजलाई नियम १४१ बमोजिम कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्नेछ।"

१७. **<u>मूल नियमावलीको नियम ४८ मा संशोधन</u>** : मूल नियमावलीको नियम ४८ को उपनियम (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर विद्युतीय खरिद प्रणालीबाट बोलपत्रको सूचना आह्वान गरिएकोमा यस उपनियम बमोजिमको दस्तुर लाग्नेछैन।"

१८. **<u>मूल नियमावलीको नियम ५४ मा संशोधन</u>** : मूल नियमावलीको नियम ५४ को खण्ड (क) र (ख) मा रहेका "दश करोड" भन्ने शब्दहरूको सट्टा "पचास करोड" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. **<u>मूल नियमावलीको नियम ६५ मा संशोधन</u>** : मूल नियमावलीको नियम ६५ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) मूल्याङ्कन समितिले बोलपत्र मूल्याङ्कन गर्दा उपनियम (१) को खण्ड (ग) बमोजिमको अवस्था भएको पाइएमा सो समितिले त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नु पर्नेछ।"

(२) उपनियम (२) पछि देहायका उपनियम (२क) र (२ख) थपिएका छन् :-

"(२क) उपनियम (२) बमोजिम बोलपत्रदाताले पेस गरेको दर विश्लेषणलाई निजले उल्लेख गरेको कार्यसम्पादन गर्ने तरिका, प्रविधि तथा व्यवस्थापन विधि समेतको आधारमा प्रचलित नर्म्स र दररेटअनुसार दर विश्लेषण गरी तुलना गर्नु पर्नेछ।

(२ख) उपनियम (२क) बमोजिम गरिएको दर विश्लेषणको आधारमा बोलपत्रदाताले पेस गरेको दररेटबाट खरिद कार्यसम्पादन हुनसक्ने वा नसक्ने व्यहोरा, आधार र कारण समेत मूल्याङ्कन प्रतिवेदनमा खुलाउनु पर्नेछ।"

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) उपनियम (२) बमोजिम मूल्याङ्कन समितिले माग गरेको आधारमा बोलपत्रदाताले पेश गरेको स्पष्टीकरणलाई उपनियम (२क) बमोजिम दर विश्लेषण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी तुलना गर्दा कार्यसम्पादन हुनसक्ने आधार सन्तोषजनक नदेखिएमा त्यस्तो बोलपत्रदातासँग निजको कबुल अङ्कको आठ प्रतिशतले हुने रकम बराबरको थप कार्यसम्पादन जमानत लिई बोलपत्र स्वीकृतिका लागि सिफारिस गर्नु पर्नेछ।"

(४) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छ :-

"(३क) उपनियम (३) बमोजिम लिइने कार्यसम्पादन जमानतको अवधि सम्झौता सम्पन्न हुने अवधिभन्दा कम्तीमा थप एक महिनाको हुनु पर्नेछ।"

(५) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ :-

"(४) उपनियम (३) बमोजिम लिइएको थप कार्यसम्पादन जमानत खरिद सम्झौताबमोजिमको निर्माण कार्यको पचास प्रतिशत भौतिक प्रगति हासिल भएको र असन्तुलित वा अस्वाभाविक दर प्रस्ताव गरिएका आइटम सन्तोषजनक रूपमा सम्पन्न भएको प्रमाणित भएपछि फिर्ता गर्नु पर्नेछ।"

(६) उपनियम (४ङ२) मा रहेका "न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहरिएका" भन्ने शब्दहरूको सट्टा "बोलपत्र स्वीकृतिका लागि छनोट भएका" भन्ने शब्दहरू राखिएका छन्।

(७) उपनियम (४ङ५) मा रहेको "अवधि व्यतीत भएपछि" भन्ने शब्दहरूपछि "जानकारी गराएमा वा" भन्ने शब्दहरू थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. **मूल नियमावलीमा नियम ६५ख., ६५ग., ६५घ., ६५ङ., ६५च. र ६५छ. थप** : मूल नियमावलीमा नियम ६५क. पछि देहायका नियम ६५ख., ६५ग., ६५घ., ६५ङ., ६५च. र ६५छ. थपिएका छन् :-

"**६५ख. प्राविधिक र आर्थिक प्रस्तावको अङ्कभार निर्धारण भएको बोलपत्रको मूल्याङ्कन सम्बन्धी व्यवस्था :** (१) ऐनको दफा १० को उपदफा (२ख) बमोजिम प्राविधिक र आर्थिक प्रस्तावको अङ्कभार निर्धारण गरी बोलपत्र आह्वान भएकोमा पेस भएका बोलपत्रको बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित नियम २६, २८ र २९ बमोजिमका योग्यताका आधारमा ऐनको दफा २३, नियम ६०, ६१, ६२ र ६३ बमोजिम मूल्याङ्कन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गरिएको मूल्याङ्कनमा सफल हुने बोलपत्रदाताको नियम २६क. को उपनियम (३) र (४) बमोजिम प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिका प्रत्येक सदस्यले छुट्टाछुट्टै रूपमा मूल्याङ्कन गरी बोलपत्रदाताले प्राप्त गरेको अङ्क यकिन गर्नु पर्नेछ।

(४) मूल्याङ्कन समितिले प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्नको लागि सहयोग पुऱ्याउन सम्बन्धित विज्ञहरू सहितको तीन सदस्यीय उपसमिति गठन गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (३) बमोजिम अङ्क यकिन भएपछि सो समितिले समितिका प्रत्येक सदस्यले प्रदान गरेको अङ्क गणना गरी त्यस्तो प्रस्तावले प्राप्त गरेको औषत अङ्क निकाल्नु पर्नेछ।

(६) मूल्याङ्कन समितिले प्राविधिक प्रस्तावको मूल्याङ्कनको कार्य समाप्त नभएसम्म आर्थिक प्रस्ताव खोल्नु हुँदैन।

**६५ग. <u>मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्ने</u>** : (१) मूल्याङ्कन समितिले नियम ६५ख. बमोजिमको मूल्याङ्कन सम्बन्धी कारबाही सम्पन्न भएपछि प्राविधिक प्रस्तावको मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा देहायका विषयहरूसमेत उल्लेख गर्नु पर्नेछ :-

(क) बोलपत्रदाताको नाम र ठेगाना,

(ख) बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहीछाप भए वा नभएको,

(ग) बोलपत्रदाता प्रस्ताव पेस गर्न कानून बमोजिम योग्य भएको पुष्ट्याइँ गर्ने कागजातहरू पेस भए वा नभएको,

(घ) संयुक्त उपक्रम सम्बन्धी सम्झौता आवश्यक भए सो पेस भए वा नभएको, र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(ङ) बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरूप प्रस्ताव पूर्ण भए वा नभएको।

६५घ. **प्राविधिक प्रस्ताव मूल्याङ्कन गरी छनोट भएको सूचना दिनुपर्ने** : (१) सार्वजनिक निकायले नियम ६५ख. बमोजिम मूल्याङ्कनमा सफल हुने बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो स्थान, मिति र समयमा उपस्थित हुन राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिन र अन्तर्राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा पन्ध्र दिनको अवधि दिई सूचना दिनु पर्नेछ।

(२) नियम ६५ख. को उपनियम (१) बमोजिम गरिएको मूल्याङ्कनमा सफल नहुने बोलपत्रदातालाई निजको प्राविधिक प्रस्ताव छनोट हुन नसकेको कारण खुलेको सूचना सहित पाँच दिनभित्र निजको आर्थिक प्रस्ताव फिर्ता दिनु पर्नेछ।

तर विद्युतीय खरिद प्रणालीद्वारा बोलपत्र पेस गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव फिर्ता दिनुपर्ने छैन।

६५ङ. **आर्थिक प्रस्ताव खोल्ने** : (१) नियम ६५घ. को उपनियम (१) बमोजिम निर्धारित स्थान, मिति र समयमा आर्थिक प्रस्तावको खाम खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोल्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र आर्थिक प्रस्ताव खोल्न बाधा पर्नेछैन।

(२) उपनियम (१) बमोजिम आर्थिक प्रस्तावको खाम खोलेपछि मूल्याङ्कन समितिले बोलपत्रदाताको नाम, निजले प्राविधिक प्रस्तावमा प्राप्त गरेको अङ्क र आर्थिक प्रस्तावमा प्रस्ताव गरेको कबुल अङ्क पढेर सुनाई देहाय बमोजिमका विषयहरू खुलाई मुचुल्का तयार गर्नु पर्नेछ :-

(क) बोलपत्रदाताको नाम र ठेगाना,

(ख) प्रस्तावित कबुल अङ्क,

(ग) प्रस्तावित कबुल अङ्कमा कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको व्यहोरा,

(घ) अङ्क र अक्षरका बिच भिन्नता भए सो भिन्नताको विवरण,

(ङ) आर्थिक प्रस्तावमा बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए, नभएको,

(च) आर्थिक प्रस्तावमा कुनै कुरा वा व्यहोरा केरमेट गरेको भए सो ठाउँमा बोलपत्रदाता वा निजको प्रतिनिधिले हस्ताक्षर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरे, नगरेको तथा केरमेट गरेको रकम र व्यहोरा, र

(छ) सार्वजनिक निकायले उपयुक्त ठानेको अन्य आवश्यक कुराहरू।

**६५च. <u>आर्थिक प्रस्तावको मूल्याङ्कन</u> :** (१) मूल्याङ्कन समितिले प्रत्येक बोलपत्रदाताको आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा उक्त प्रस्तावमा कुनै अङ्कमा गणितीय त्रुटि पाइएमा सार्वजनिक निकायले त्यस्तो त्रुटि सच्याउन सक्नेछ र त्यसरी त्रुटि सच्याउँदा एकाई दर र कुल रकममा भिन्नता भएमा एकाइ दर मान्य हुनेछ र सोही दरबमोजिम कुल रकम कायम गर्नु पर्नेछ। त्यसरी त्रुटि सच्याइएको भएमा सोको जानकारी सम्बन्धित प्रस्तावदातालाई पाँच दिनभित्र दिनु पर्नेछ।

(२) बोलपत्रदाताले आर्थिक प्रस्तावमा उल्लेख गरेको रकम, अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ।

(३) बोलपत्रदाताले कबुल गरेको कबुल अङ्कमा कुनै छुट दिन प्रस्ताव गरिएको कुरा आर्थिक प्रस्ताव खोलेको मुचुल्कामा उल्लेख भएको भए मूल्याङ्कन समितिले त्यसरी छुट दिन प्रस्ताव गरिएको रकम समायोजन गर्नु पर्नेछ।

(४) ऐनको दफा २५ को उपदफा (९) को प्रयोजनको लागि आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गणना गर्नुअघि मूल्याङ्कन समितिले देहायको आर्थिक प्रस्तावलाई मूल्याङ्कन प्रक्रियाबाट हटाउनु पर्नेछ :-

(क) ऐनको दफा २५ को उपदफा (७ख) बमोजिम स्वीकृत लागत अनुमानभन्दा तिस प्रतिशतभन्दा बढी घटेर कबुल गरिएको आर्थिक प्रस्ताव, र

(ख) स्वीकृत लागत अनुमानभन्दा सारभूत रूपमा बढी कबुल गरिएको आर्थिक प्रस्ताव।

(५) उपनियम (४) को खण्ड (ख) बमोजिम मूल्याङ्कन गर्दा प्राविधिक मूल्याङ्कनमा सफल भएका सबै बोलपत्रदाताका आर्थिक प्रस्ताव मूल्याङ्कन प्रक्रियाबाट हट्ने अवस्था भएमा खरिद कारबाही रद्द गर्नुअघि सबैभन्दा कम कबुल अङ्क प्रस्ताव गर्ने बोलपत्रदातासँग ऐनको दफा २६ को उपदफा (१ग) र (१घ) को अधीनमा रही कबुल अङ्क स्वीकृत लागत अनुमानभित्र कायम गर्ने गरी वार्ता गरी खरिद कारबाही अघि बढाउन सकिनेछ।

(६) उपनियम (५) बमोजिमको बोलपत्रदातासँग ऐनको दफा २६ को उपदफा (१ग) बमोजिम एकमुष्ट छुट प्रतिशतमा सहमति हुन नसकेमा खरिद कारबाही रद्द गरिनेछ।

**६५छ. <u>बोलपत्रदाताको छनोट</u>** : मूल्याङ्कन समितिले नियम ६५ख. र ६५च. बमोजिम प्राविधिक र आर्थिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रस्तावको मूल्याङ्कन गरेपश्चात् देहायबमोजिम मूल्याङ्कन गरी संयुक्त मूल्याङ्कनमा उच्चतम अङ्क प्राप्त गर्ने बोलपत्रदाता छनोट गर्नु पर्नेछ :-

(क) मूल्याङ्कन गरिने बोलपत्रदाताको प्राविधिक प्रस्तावको प्राप्ताङ्कलाई प्राविधिक प्रस्तावको लागि छुट्याइएको अङ्क भारले गुणा गरी प्राप्त गुणनफललाई एक सय अङ्कले भाग गर्दा आउने भागफलको अङ्क प्राविधिक प्रस्तावको खुद प्राप्ताङ्क हुनेछ।

(ख) प्राविधिक प्रस्तावको मूल्याङ्कनबाट सफल प्रस्तावहरूमध्ये सबैभन्दा घटी कबुल अङ्कलाई आर्थिक प्रस्तावको लागि छुट्याइएको अङ्कभारले गुणा गरी प्राप्त गुणनफललाई मूल्याङ्कन गरिने बोलपत्रदाताको कबुल अङ्कले भाग गर्दा आउने भागफलको अङ्क आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खण्ड (क) र (ख) बमोजिमको प्राविधिक र आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क जोडी संयुक्त मूल्याङ्कन गर्दा उच्चतम अङ्क पाउने त्यस्तो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न छनोट गर्नु पर्नेछ।

**उदाहरण** :

(१) प्राविधिक प्रस्तावलाई छुट्याइएको कुल अङ्क भार = ५०

क, ख र ग बोलपत्रदाताले प्राविधिक प्रस्तावमा पाएको अङ्क :-

क = ९०

ख = ८५

ग = ८०

उपर्युक्त अङ्कको आधारमा प्राविधिक प्रस्तावमा पाउने अङ्क गणना गर्ने तरिका :-

$$\frac{\text{सम्बन्धित बोलपत्रदाताबाट प्राप्त प्राविधिक प्रस्तावमा अङ्क X प्राविधिक प्रस्तावको अङ्क भार}}{१००}$$

प्राविधिक प्रस्तावमा पाउने अङ्क =

$$क = \frac{९० x ५०}{१००} = ४५.०$$

$$ख = \frac{८५x ५०}{१००} = ४२.५$$



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

$$ग = \frac{८० x ५०}{१००} = ४०.०$$

(२) आर्थिक प्रस्तावलाई छुट्याइएको अङ्क भार = ५०

प्राविधिक प्रस्तावमा सफल भएका तथा आर्थिक प्रस्तावमा लागत अनुमान भन्दा सारभूतरूपमा बढी बोल अङ्क कबुल नगरेका क, ख र ग बोलपत्रदाताले आर्थिक प्रस्तावमा कबुल गरेको रकम :-

क = ४, ५०,०००।-

ख = ४, ३०,०००।-

ग = ४, २०,०००।-

तसर्थ सबैभन्दा घटी कबुल गरेको रकम = ४,२०,०००।-

उपर्युक्त अङ्कको आधारमा आर्थिक प्रस्तावमा पाउने अङ्क गणना गर्ने तरिका :-

आर्थिक प्रस्वतावमा पाउने अङ्क =

$$\frac{\text{सबैभन्दा घटी कबुल गरेको रकम X आर्थिक प्रस्तावको अङ्क भार}}{\text{सम्बन्धित बोलपत्रदाताबाट कबुल गरेको रकम}}$$

$$क = \frac{४,२०,००० X ५०}{४,५०,०००} = ४६.६७$$

$$ख = \frac{४,२०,००० X ५०}{४,३०,०००} = ४८.८४$$



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

$$ग = \frac{४,२०,००० X ५०}{४,२०,०००} = ५०.०$$

(३) प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको संयुक्त मूल्याङ्कनबाट पाउने कुल अङ्क विवरण :-

| बोलपत्रदाता | प्राविधिक प्रस्तावको खुद प्राप्ताङ्क | आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क | कुल अङ्क | कैफियत |
|---|---|---|---|---|
| क | ४५.० | ४६.६७ | ९१.६७ | सबै भन्दा बढी अङ्क पाउने बोलपत्रदाता "क" छनोट गर्नुपर्ने। |
| ख | ४२.५ | ४८.८४ | ९१.३४ | |
| ग | ४०.० | ५०.० | ९०.० | |

२१. **<u>मूल नियमावलीको नियम ६६ मा संशोधन</u>** : मूल नियमावलीको नियम ६६ मा रहेका "सार्वजनिक निकायको प्रमुखले नियम ५४क. को अधीनमा रही तोकेको अवधिभित्र" भन्ने शब्दहरू र सोही नियमको खण्ड (छ) मा रहेका "न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही" भन्ने शब्दहरू झिकिएका छन्।

२२. **<u>मूल नियमावलीको नियम ६७ मा संशोधन</u>** : मूल नियमावलीको नियम ६७ को उपनियम (१) को,–

(१) खण्ड (क) मा रहेका "दश करोड" भन्ने शब्दहरूको सट्टा "बिस करोड" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ख) मा रहेका "बिस करोड" भन्ने शब्दहरूको सट्टा "एक अर्ब" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (ग) मा रहेका "पचास करोड" भन्ने शब्दहरूको सट्टा "एक अर्ब पचास करोड" भन्ने शब्दहरू राखिएका छन्।

(४) खण्ड (घ) मा रहेका "पचास करोड" भन्ने शब्दहरूको सट्टा "एक अर्ब पचास करोड" भन्ने शब्दहरू राखिएका छन्।

२३. **मूल नियमावलीको नियम ७० मा संशोधन :** मूल नियमावलीको नियम ७० को,-

(१) उपनियम (१) मा रहेका "बिस लाख रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पचास लाख रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) सार्वजनिक निकायले बिस लाख रुपैयाँदेखि पचास लाख रूपैयाँसम्म मूल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको (क) बमोजिम कम्तीमा सात दिनको अवधि दिई सूचना प्रकाशन गरी आशयपत्र माग गर्नु पर्नेछ।"

(३) उपनियम (२क) मा रहेका "दफा १५" भन्ने शब्दहरूको सट्टा "दफा ३० को उपदफा (३)" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४. **मूल नियमावलीको नियम ७२ मा संशोधन** : मूल नियमावलीको नियम ७२ को उपनियम (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर सात दिनको सूचना प्रकाशन गरी आशयपत्र माग गरी यस नियमबमोजिम त्यस्तो परामर्श सेवा खरिद गर्न बाधा पर्नेछैन।"

२५. **मूल नियमावलीको नियम ८१ मा संशोधन** : मूल नियमावलीको नियम ८१ को,-

(१) उपनियम (७) को सट्टा देहायको उपनियम (७) राखिएको छ :-

"(७) ऐनको दफा ३८ को उपदफा (६) र (७) तथा दफा ५२ को उपदफा (२) को खण्ड (ठ) को प्रयोजनको लागि परामर्शदाताले सम्झौता भएको मितिले तिस दिनभित्र सार्वजनिक निकायलाई निःसर्त भुक्तानी हुने पेशागत दायित्व बिमा (प्रोफेसनल लायबिलिटी इन्सोरेन्स) पेस गर्नु पर्नेछ। त्यस्तो बिमाले परामर्शदाता तथा निजले परिचालन गर्ने जिम्मेवार पेशाविद्‌लाई समेत समेट्नु पर्नेछ।"

(२) उपनियम (७) पछि देहायका उपनियम (७क), (७ख) र (७ग) थपिएका छन् :-

"(७क) उपनियम (७) बमोजिमको बिमाले अध्ययन, सर्वेक्षण, अनुसन्धान, परीक्षण, डिजाइन, गणना, ड्रइङ, स्पेसिफिकेसन, प्रतिवेदन, सुपरिवेक्षण, प्रमाणीकरण वा सिफारिस तथा प्रभावित संरचना वा सोको कुनै अंश भत्काउने, सुधार गर्ने वा पुनर्निर्माण गर्ने कार्य वा अन्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पेशागत सेवा प्रदान गर्दा भएको त्रुटि, भूल, कमी, लापरबाही वा पेशागत दायित्वको उल्लङ्घनबाट उत्पन्न पेशागत जोखिम तथा दायित्व समेट्नु पर्नेछ।

(७ख) उपनियम (७) बमोजिमको बिमाबापत लाग्ने बिमा शुल्क खरिद सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ र त्यस्तो शुल्क परामर्श सेवाको लागत अनुमान र प्रस्तावित रकममा समावेश गर्नु पर्नेछ।

(७ग) उपनियम (७) बमोजिमको बिमाले परामर्श सेवा प्रारम्भ भएको मितिदेखि खरिद सम्झौतामा तोकिएको पेशागत दायित्वको अवधि समाप्त नभएसम्म कायम रहेको हुनु पर्नेछ।"

२६. **मूल नियमावलीको नियम ८४ मा संशोधन** : मूल नियमावलीको नियम ८४ को उपनियम (४) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर विद्युतीय खरिद प्रणालीबाट सिलबन्दी दरभाउपत्रको सूचना आह्वान गरिएकोमा त्यस्तो दस्तुर लाग्नेछैन।"

२७. **मूल नियमावलीको नियम ८५ मा संशोधन** : मूल नियमावलीको नियम ८५ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (क) मा रहेका "दश लाख" भन्ने शब्दहरूको सट्टा "पन्ध्र लाख" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (क२) पछि देहायको खण्ड (क३) थपिएको छ :-

"(क३) वेबसाइट, वेब पोर्टल, सफ्टवेयर, सूचना प्रणाली, सर्भर, नेटवर्क वा अन्य सूचना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रविधि सम्बन्धी प्रणालीको पाँच लाख रुपैयाँसम्मको मर्मतसम्भार, अद्यावधिक वा प्राविधिक सहायता सेवा।"

(२) उपनियम (१क) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(३) उपनियम (१ख) पछि देहायको उपनियम (१ख१) थपिएको छ :-

"(१ख१) उपनियम (१), (१क) र (१ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै औषधिजन्य मालसामान उत्पादन गर्ने विश्व स्वास्थ्य सङ्गठनबाट पूर्वयोग्यता प्राप्त एकमात्र औषधि उत्पादक कम्पनी भएकोमा त्यस्तो उत्पादकबाट खरिद गर्नुपर्दा जतिसुकै रूपैयाँसम्मको भए पनि सोझै वार्ता गरी त्यस्तो औषधिजन्य मालसामान खरिद गर्न सकिनेछ।"

२८. **मूल नियमावलीमा नियम ८६क. र ८६ख. थप** : मूल नियमावलीको नियम ८६ पछि देहायका नियम ८६क. र ८६ख. थपिएका छन् :-

"**८६क. सरकारी ई-मार्केटप्लेस सम्बन्धी व्यवस्था** : (१) सार्वजनिक खरिद अनुगमन कार्यालयले ऐनको दफा ४१क. बमोजिमको सरकारी ई-मार्केटप्लेसको विकास र सञ्चालन गर्न सक्नेछ।

(२) सार्वजनिक निकायले सरकारी ई-मार्केटप्लेसमार्फत खरिद गर्दा देहायको रकमको सीमाभित्र रही खरिद गर्नु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) दश लाख रुपैयाँसम्मको लागत अनुमान भएको मालसामान वा अन्य सेवा एउटा मात्र उत्पादक, आपूर्तिकर्ता वा सेवा प्रदायकसँग सोझै खरिद,

(ख) बिस लाख रुपैयाँसम्मको लागत अनुमान भएको मालसामान वा अन्य सेवा कम्तीमा तीन वटा उत्पादक, आपूर्तिकर्ता वा सेवा प्रदायकसँग दरभाउपत्र माग गरी न्यूनतम मूल्यमा सोझै खरिद, र

(ग) पचास लाख रुपैयाँसम्मको खरिद नियम ३१झ. बमोजिम बोलअङ्क घटाघट (रिभर्स अक्सन) को विधि प्रयोग गरी।

(३) सरकारी ई-मार्केटप्लेसमा दर्ता हुन इच्छुक स्वदेशी उत्पादक, आपूर्तिकर्ता वा सेवाप्रदायकले तीन हजार रुपैयाँ दस्तुर तिर्नु पर्नेछ र प्रत्येक वर्ष नवीकरण गर्न एक हजार रुपैयाँ तिर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) बमोजिम नवीकरण नगर्ने स्वदेशी उत्पादक, आपूर्तिकर्ता वा सेवाप्रदायकको सरकारी ई-मार्केटप्लेसको दर्ता निष्क्रिय गर्नु पर्नेछ।

(५) ई-मार्केटप्लेसमार्फत खरिद गर्न सकिने मालसामान तथा अन्य सेवाहरूलाई विभिन्न समूहमा वर्गीकरण गर्न सकिनेछ।

८६ख. **खरिद सम्बन्धी विशेष व्यवस्था** : ऐनको दफा ४२क. को प्रयोजनका लागि मुलुकलाई अत्यावश्यक पर्ने त्यस्तै प्रकृतिका विषय नेपाल सरकार, मन्त्रिपरिषद्ले समय समयमा निर्णय गरी निर्धारण गर्नेछ।"

२९. **मूल नियमावलीमा नियम ९४क. थप** : मूल नियमावलीको नियम ९४ पछि देहायको नियम ९४क. थपिएको छ :-

"९४क. **व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि जग्गा खरिद सम्बन्धी व्यवस्था** : (१) सार्वजनिक निकायले व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि जग्गा खरिद गर्नुपर्ने भएमा त्यस्तो जग्गाको आवश्यकता, प्रयोजन, आवश्यक क्षेत्रफल, स्वीकृत बजेट तथा अपेक्षित प्रतिफलको आधारमा सार्वजनिक निकायको प्रमुखबाट स्वीकृति प्राप्त गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम स्वीकृति प्राप्त भएपछि सार्वजनिक निकायले आवश्यक जग्गाको विवरण, स्थान, क्षेत्रफल, प्रयोजन तथा अन्य आवश्यक सर्तहरू उल्लेख गरी राष्ट्रियस्तर वा स्थानीयस्तरको उपयुक्त सञ्चार माध्यमबाट कम्तीमा पन्ध्र दिनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवधि दिई जग्गा उपलब्ध गराउन इच्छुक व्यक्तिहरूबाट प्रस्ताव आह्वान गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रस्तावहरूको अध्ययन, निरीक्षण, मूल्याङ्कन तथा उपयुक्त जग्गाको छनोट र मूल्य निर्धारण गरी सार्वजनिक निकायसमक्ष सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ :-

(क) सार्वजनिक निकायको प्रमुख वा निजले तोकेको वरिष्ठतम् अधिकृत -संयोजक

(ख) जिल्ला समन्वय समितिको कार्यालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(घ) जग्गा रहेको वडाको वडा अध्यक्ष -सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(च) भूमि प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(छ) नापी कार्यालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ज) सार्वजनिक निकायले तोकेको सो निकायको अधिकृतस्तरको कर्मचारी -सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(४) उपनियम (३) बमोजिमको समितिले आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य सरोकारवाला व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) उपनियम (२) बमोजिम प्रस्ताव प्राप्त भएमा समितिले देहायका विषयमा अध्ययन तथा परीक्षण गर्नु पर्नेछ :-

(क) प्रस्तावित जग्गाको स्थान, क्षेत्रफल तथा पहुँच,

(ख) सार्वजनिक निकायको व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि जग्गाको उपयुक्तता,

(ग) जग्गाको स्वामित्व, सिमाना तथा कानूनी अवस्था,

(घ) सम्बन्धित क्षेत्रमा प्रचलित बजार मूल्य,

(ङ) आवश्यक पूर्वाधार तथा सेवा सुविधाको उपलब्धता,

(च) खरिदबाट सार्वजनिक निकायलाई हुने आर्थिक, व्यावसायिक वा अन्य लाभ, र

(छ) अन्य आवश्यक देखिएका विषयहरू।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपनियम (५) बमोजिम अध्ययन तथा स्थलगत निरीक्षण गरी समितिले प्रस्तावित जग्गाहरूमध्ये सार्वजनिक निकायको प्रयोजनका लागि उपयुक्त देखिएको जग्गाको छनोट गर्नु पर्नेछ।

(७) उपनियम (२) बमोजिमको सूचना आह्वान गर्दा कुनै प्रस्ताव प्राप्त नभएमा वा प्राप्त प्रस्तावहरू उपयुक्त नभएमा सार्वजनिक निकायले उपयुक्त देखिएको जग्गा धनीसँग प्रत्यक्ष वार्ता गरी जग्गा खरिद प्रक्रियालाई अगाडि बढाउन सक्नेछ।

(८) समितिले स्थलगत निरीक्षणसमेत गरी खरिद गर्न प्रस्ताव गरिएको जग्गाको उपयुक्तता सम्बन्धमा स्पष्ट आधार र कारण सहितको प्रतिवेदन तयार गरी सम्बन्धित सार्वजनिक निकायसमक्ष पेश गर्नु पर्नेछ।

(९) उपनियम (८) बमोजिमको प्रतिवेदनबाट जग्गा खरिद गर्न उपयुक्त देखिएमा समितिले देहायका आधारमा खरिद गरिने जग्गाको अधिकतम मूल्य निर्धारण गरी सार्वजनिक निकायसमक्ष सिफारिस गर्नु पर्नेछ :-

(क) सम्बन्धित भूमि प्रशासन कार्यालयले कायम गरेको मूल्याङ्कन,

(ख) सम्बन्धित स्थानीय तह वा वडाबाट सिफारिस गरिएको प्रचलित मूल्य,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सोही क्षेत्र वा आसपासमा हालै भएका समान प्रकृतिका जग्गा कारोबारको मूल्य, र

(घ) जग्गाको स्थान, पहुँच, क्षेत्रफल, उपयोगिता तथा उपलब्ध पूर्वाधारको अवस्था।

(१०) उपनियम (९) बमोजिम निर्धारण गरिएको अधिकतम मूल्य ननाघ्ने गरी सार्वजनिक निकाय र जग्गाधनीबिच वार्ता गरी जग्गा खरिद गर्न सकिनेछ।

(११) स्वामित्व विवाद भएको, रोक्का रहेको, कानूनी जटिलता भएको वा सार्वजनिक निकायको प्रयोजनका लागि अनुपयुक्त देखिएको जग्गा खरिद गर्न पाइनेछैन।

(१२) यस नियमबमोजिम खरिद गरिएको जग्गासम्बन्धी सम्पूर्ण निर्णय, प्रतिवेदन, मूल्याङ्कन, वार्ताको विवरण, सम्झौता तथा अन्य सम्बन्धित कागजातको अभिलेख सम्बन्धित सार्वजनिक निकायले सुरक्षित राख्नु पर्नेछ।"

३०. **<u>मूल नियमावलीको नियम ९५ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९५ को उपनियम (३) मा रहेका "पाँच लाख रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "दश लाख रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

३१. **<u>मूल नियमावलीको नियम ९७ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९७ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) मा रहेका "समुदाय मात्र रहेको" भन्ने शब्दहरूपछि "प्रचलित कानूनबमोजिम दर्ता भएको" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (१५) पछि देहायका उपनियम (१६), (१७) र (१८) थपिएका छन् :-

"(१६) स्थानीयस्तरमा उपलब्ध हुने स्रोत साधनको उपयोग हुनेगरी सीप विकास तालिम सञ्चालन गर्ने, उपभोक्ता समितिलाई योजना सञ्चालन सम्बन्धी अभिमुखीकरण गर्ने, प्राविधिक सिपयुक्त दक्ष जनशक्ति विकास गर्ने, हस्तान्तरित योजना सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भारको दक्षता विकास गर्ने, परम्परागत सीप स्तरोन्नति गर्ने र सो सम्बन्धी अभिलेख तथा तथ्याङ्क विकास गर्ने प्रयोजनका लागि स्थानीय व्यवसाय तथा सिप विकास तालिम केन्द्र स्थापना गर्न सकिनेछ।

(१७) उपनियम (१६) बमोजिम स्थापना हुने तालिम केन्द्र सम्बन्धित स्थानीय तहमा दर्ता गरी छुट्टै विनियमद्वारा सञ्चालन गर्नु पर्नेछ।

(१८) उपनियम (१६) बमोजिम स्थापना हुने तालिम केन्द्रद्वारा विकास गरिएका दक्ष जनशक्तिले स्थानीय स्रोत, साधन र प्राप्त सिप उपयोग गरी प्रचलित कानूनबमोजिम लघु उद्यम तथा उद्यम व्यवसाय स्थापना र सञ्चालन गर्न सक्नेछन्।"

३२. **मूल नियमावलीको नियम ९८ मा संशोधन** : मूल नियमावलीको नियम ९८ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) मा रहेका "अमानतबाट काम गर्न" भन्ने शब्दहरूपछि "ऐनको दफा ४५ को उपदफा (१) को खण्ड (क) र (ग) बाहेकको अवस्थामा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "सो कामको लागि" भन्ने शब्दहरूको सट्टा "ऐनको दफा ४५ को उपदफा (१) को खण्ड (ग) को अवस्था बाहेकको कामको लागि" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (३) झिकिएको छ।

३३. **<u>मूल नियमावलीको नियम ११० मा संशोधन</u>** : मूल नियमावलीको,-

(१) उपनियम (१) मा रहेको "उपदफा (४)" भन्ने शब्दपछि "वा दफा ३८ को उपदफा (४)" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (२) मा रहेको "उपदफा (४)" भन्ने शब्दपछि "वा दफा ३८ को उपदफा (४)" भन्ने शब्दहरू थपिएका छन्।

(३) उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(४) उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छ :-

"(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक निकायले पूर्वाधार कम्पनीसँग निर्माण कार्य वा परामर्श सेवा सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्झौता गर्दा कार्यसम्पादन जमानत दाखिला गर्नु पर्नेछैन।"

३४. **मूल नियमावलीको नियम ११२ मा संशोधन** : मूल नियमावलीको नियम ११२ को उपनियम (५) पछि देहायको उपनियम (५क) थपिएको छ :-

"(५क) यस नियमबमोजिम बिमा गरिएको सार्वजनिक पूर्वाधार निर्माण कार्यमा बिमित जोखिमका कारण क्षति भएमा देहायबमोजिम हुनेछ :-

(क) पूरै वा आंशिक रूपमा सम्पन्न भई सार्वजनिक निकायबाट नापजाँच तथा प्रमाणित भएको निर्माण कार्यमा क्षति भएमा सार्वजनिक निकायको प्रमुख वा निजले तोकेको प्राविधिक अधिकारीले प्राविधिक परीक्षण, स्थलगत निरीक्षण, नापजाँच, कार्यसम्पन्न अभिलेख तथा सम्बन्धित कागजातका आधारमा क्षतिको परिमाण र रकम निर्धारण गर्ने,

(ख) खण्ड (क) बमोजिम निर्धारण भएको रकममध्ये विवादरहित रकम बिमा कम्पनीले दाबीसम्बन्धी आवश्यक कागजात प्राप्त भएको मितिले पन्ध्र दिनभित्र भुक्तानी गर्नु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(ग) खण्ड (क) बमोजिम भएको क्षति निर्धारणमा असहमति जनाएमा विवादरहित रकमको भुक्तानी नरोक्ने गरी विवादित रकमको पुनरावलोकनका लागि बिमा कम्पनीले नेपाल बिमा प्राधिकरणसमक्ष निवेदन दिन सक्ने,

(घ) खण्ड (ग) बमोजिम भएको पुनरावलोकनबाट फरक रकम कायम भएमा सोहीबमोजिम थप भुक्तानी, कट्टी वा समायोजन गर्ने,

(ङ) खण्ड (क) मा उल्लिखित निर्माण कार्यबाहेक निर्माण सामग्री, उपकरण, अस्थायी संरचना, नापजाँच तथा प्रमाणित नभएको अधुरो कार्य वा अन्य बिमित सम्पत्तिमा भएको क्षतिको रकम बिमा कम्पनीले बिमालेख, प्रचलित कानून तथा नियामकीय व्यवस्थाबमोजिम निर्धारण गर्ने,

(च) बिमा दाबी, प्रतिदाबी, क्षति निर्धारण वा पुनरावलोकन विचाराधीन रहेको कारणले मात्र सार्वजनिक पूर्वाधार निर्माण कार्य रोक्न नपाइने।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. **<u>मूल नियमावलीको नियम ११३ मा संशोधन</u>** : मूल नियमावलीको नियम ११३ को उपनियम (३) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर सार्वजनिक निकायले पूर्वाधार कम्पनीसँग निर्माण कार्य वा परामर्श सेवा सम्बन्धी सम्झौता गरेको अवस्थामा यस उपनियम बमोजिमको जमानत लिनु पर्नेछैन।"

३६. **<u>मूल नियमावलीको नियम ११८ मा संशोधन</u>** : मूल नियमावलीको नियम ११८ को उपनियम (५) मा रहेका "जारी गर्दा" भन्ने शब्दहरूपछि "आवश्यकतानुसार" भन्ने शब्द थपी सोही उपनियममा रहेको "मात्र" भन्ने शब्द झिकिएको छ।

३७. **<u>मूल नियमावलीको नियम १२० मा संशोधन</u>** : मूल नियमावलीको नियम १२० को,-

(१) उपनियम (२) मा रहेका "बोलपत्र स्वीकृत गर्ने अधिकारीले" भन्ने शब्दहरूको सट्टा "उपनियम (२क) बमोजिमको अधिकारीले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (२) बमोजिम देहायका अधिकारीले देहायबमोजिमको खरिद सम्झौताको अवधि थप गर्न सक्नेछ :-

(क) सालबसाली ठेक्काको हकमा बढीमा अर्को एक आर्थिक वर्षसम्म



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित सार्वजनिक निकायको प्रमुखले,

(ख) अन्य खरिद सम्झौताको हकमा सुरु खरिद सम्झौता अवधिको पचास प्रतिशत अवधिसम्म सम्बन्धित सार्वजनिक निकायको प्रमुखले, र

(ग) खण्ड (ख) बमोजिमको सीमाभन्दा बढी अवधि थप गर्नुपर्ने भएमा सार्वजनिक निकायको प्रमुखभन्दा एक तह माथिको अधिकारीले।"

(३) उपनियम (४) पछि देहायका उपनियम (४क), (४ख) र (४ग) थपिएका छन् :-

"(४क) आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकले उपनियम (४) बमोजिम अवधि थप भएको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधि थप गरी पेस गर्नु पर्नेछ।

(४ख) आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकले उपनियम (४क) बमोजिमको अवधिभित्र कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधि थप गरी पेस नगरेमा सो अवधिपछि बढीमा पन्ध्र दिनसम्म सम्झौता रकमको शून्य दशमलब शून्य एक प्रतिशतका दरले प्रतिदिन जरिबाना तिर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४ग) आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकले उपनियम (४ख) बमोजिमको अवधिमा समेत कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधि थप गरी पेस नगरेमा सार्वजनिक निकायले सम्झौता अन्त्य गर्न सक्नेछ।"

३८. **<u>मूल नियमावलीको नियम १२५ मा संशोधन</u>** : मूल नियमावलीको नियम १२५ को सट्टा देहायको नियम १२५ राखिएको छ :-

"**१२५. <u>कार्य सम्पन्न प्रतिवेदन तयार तथा स्वीकृत गर्नुपर्ने</u>** : (१) खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तिस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको नक्सा (एज बिल्ट ड्रइङ) सार्वजनिक निकायमा पेस गर्नु पर्नेछ।

(२) निर्माण कार्य सम्पन्न भएपछि त्रुटि सच्याउने दायित्वको अवधिभित्र कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले त्यस्तो त्रुटि यकिन गरी सम्बन्धित निर्माण व्यवसायीलाई समयमै जानकारी गराई सच्याउन लगाउनु पर्नेछ र त्यस्तो त्रुटि तथा सोको सुधार सम्बन्धी विवरणको अभिलेख राख्नु पर्नेछ।

(३) त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायको प्रमुखले निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन, स्पेसिफिकेसन तथा खरिद



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्झौता बमोजिम भए वा नभएको सम्बन्धित प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई सो बमोजिम भएको भए कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्नेछ। त्यस्तो प्रतिवेदनमा उपनियम (१) बमोजिमको नक्सा र उपनियम (२) बमोजिमको अभिलेख समेत संलग्न गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम तयार भएको कार्य सम्पन्न प्रतिवेदन सार्वजनिक निकायको प्रमुखले स्वीकृत गर्नु पर्नेछ। त्यसरी स्वीकृत गर्नु अघि आवश्यक देखेमा निजले आफैं जाँचबुझ गर्न वा अन्य प्राविधिक कर्मचारी वा प्राविधिक कर्मचारीहरूको टोलीबाट पुनः जाँचबुझ गराउन सक्नेछ।

(५) उपनियम (४) बमोजिम स्वीकृत कार्य सम्पन्न प्रतिवेदन जानकारी तथा अभिलेखका लागि बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेस गर्नु पर्नेछ।

(६) यस नियम बमोजिम कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएपछि सार्वजनिक निकायले सम्बन्धित निर्माण व्यवसायीलाई कार्य सम्पन्न प्रमाणपत्र दिनु पर्नेछ।"

३९. **मूल नियमावलीको नियम १२८ मा संशोधन** : मूल नियमावलीको नियम १२८ को उपनियम (२) को खण्ड (घ) झिकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०. **मूल नियमावलीमा नियम १३९क. थप** : मूल नियमावलीको नियम १३९ पछि देहायको नियम १३९क. थपिएको छ :-

"१३९क. **कर्मचारीलाई प्रोत्साहन, बोनस तथा अन्य सुविधा दिन सकिने** : राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना वा नेपाल सरकारले तोके बमोजिमका खरिद सम्बन्धी कार्य सम्झौतामा तोकिएको सुरु अवधि अगावै गुणस्तरीय रूपमा सम्पादन गरी उत्कृष्ट नतिजाप्राप्त भएको आधारमा त्यस्तो खरिद कार्यमा संलग्न सम्पूर्ण कर्मचारीलाई ऐनको दफा ६१ख. बमोजिम प्रोत्साहन, बोनस तथा अन्य सुविधा दिन सकिनेछ।"

४१. **खारेजी** : मूल नियमावलीको नियम ६, ६५क. र १४५क. खारेज गरिएका छन्।

**आज्ञाले,**
**पुष्कर सापकोटा**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौँमा मुद्रित । मूल्य रू. ३५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।